# नेपाल सरकार
## माननीय वन तथा वातावरण मन्त्रीज्यूको
## निजी सचिवालय

फोन नं.: ४२११६६० / ४२११८८२

पत्र सं:-
च. नं:-

फ्याक्स : ९७७-१-४२११७८४
सिंहदरबार, काठमाडौं
नेपाल


मा. वन तथा वातावरण मन्त्रीको निजी सचिवालय सिंहदरबार, काठमाडौं

### प्रेस विज्ञप्ति

मिति:- २०७८/०२/११

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड -१९ ले बिश्वनै आक्रान्त बनाएको व्यहोरा हामी सबैलाई विदितै छ । यस विषम परिस्थितीबाट नेपाल पनि अछुतो रहन सकेन । अकस्मात र विरल रुपमा देखा पर्ने यस्ता महामारीको यथेष्ट मात्रामा पूर्व तयारी र यससँग जुध्ने पूर्ण क्षमताको अभावमा नेपाल जस्तो अतिकम विकसित राष्ट्रहरुले यसको प्रभाव बढीमात्रामा व्यहोर्नु परेको अवस्था हामीसामु जगजाहेरनै छ । नेपालमा नै अक्सिजन उत्पादन हुने भए पनि यसका लागि चाहिने सिलिन्डर नेपालमा उत्पादन नभएको कुरा सर्वविदितै छ । यस्तो परिस्थितीमा नागरिकको जिवन रक्षाका लागि सबै तहका सरकार, सरोकारवाला, निजी क्षेत्र, संघ/संस्था, नागरिक सबैले आवश्यक भूमिका खेल्नु अहिलेको आवश्यकता र दायित्व पनि हो । अक्सिजन अभावको कारण स्वास्थ्य उपचारमा आएको जटिलता समाधान गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले विदेश मुलतः छिमेकी मुलुक चीन र भारतबाट अक्सिजन सिलिन्डर आयात गरिरहेको छ ।

यस्तो परिपेक्षमा नेपाल सरकारको वहालवाला मन्त्री एवं डोटी जिल्लाको जनप्रतिनिधीको हैसियतले उक्त क्षेत्रका नागरिकको स्वास्थ्य उपचारमा राहत पुगोस भन्नका लागि माननीय मन्त्री ज्यूको व्यक्तिगत सहयोगबाट प्रदान गरेका अक्सिजन सिलिन्डरका बारेमा केही सञ्चार माध्यमले कपोकल्पित तथा भ्रामक समाचार बनाएको प्रति यस सचिवालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

राज्यको चौथो अंगका रुपमा रहेको सञ्चार क्षेत्रले सत्य तथ्य समाचार सम्प्रेषण गरि नागरिकलाई सु-सूचित गराउने र सार्वजनिक सरोकारको विषयमा राज्यको ध्यानाकर्षण गराउनु पर्ने दायित्व रहेकोमा सत्य तथ्य विवरण नबुझिकन समाचार सम्प्रेषण गर्दा आम नागरिकमा नकारात्मक प्रभाव पर्न जाने देखिन्छ । कुनै सञ्चार माध्यम विशेषले गर्ने यस किसिमको कार्यबाट सिंगो सञ्चार जगतको भूमिकामा नै प्रश्न चिन्ह खडा हुने देखिन्छ । यसर्थ सचिवालय उक्त समाचारको खण्डन गर्दै माननीय मन्त्री ज्यूबाट मिति २०७८ जेठ १० गते जिल्ला अस्पताल, डोटी र ११ गतेका दिन सेती प्रादेशिक अस्पताल, कैलालीमा तपसिलमा उल्लेखीत स्वास्थ्य सामग्रीहरु हस्तान्तरण गर्नु भएको तथ्य जानकारी गराउदै त्यस्ता खालका गलत समाचारको पछि नलाग्न समेत यसै प्रेस विज्ञप्ती मार्फत सबैमा आग्रह गदर्छौं ।

**तपसिल**

मन्त्री ज्यूबाट व्यक्तिगत सहयोगमा वितरण भएको स्वास्थ्य सामग्रीहरु:

१) अक्सिजन कन्सन्ट्रेटर - ४ थान (डोटी अस्पतालका लागि )

२) अक्सिजन सिलिन्डर -११० थान (डोटी अस्पतालका लागि १५ र ९ पालिकामा ५ वटाका दरले जम्मा ४५ थान, बाँकी ५० थान सेती प्रदेशिक अस्पताल कैलालीमा वितरण )

३) सर्जिकल मास्क - २ लाख २० हजार थान ( १ लाख ७० हजार डोटी र ५० हजार सेती प्रादेशिक अस्पताल, कैलालीमा वितरण)

यसका अतिरिक्त स्वास्थ्य सेवा विभाग, टेकुबाट १५ थान खाली अक्सिजन सिलिन्डर प्राप्त भएकोमा त्यसलाई समेत व्यक्तिगत आर्थिक सहयोगमा रिफिल गरी जिल्ला अस्पताल डोटीलाई हस्तान्तरण गरिएको यथार्थ प्रष्ट पार्न चाहन्छौं ।

साथै यस घडीमा नेपाल सरकार महामारी नियन्त्रण गर्दै आफ्नो जनताको जीउ ज्यान रक्षा गर्न पूर्ण प्रतिबद्ध रहेको व्यहोरा समेत अनुरोध गर्दछौं ।

रविन कुमार ग्यालन
निजी सचिव

Scanned with CamScanner